# आर्थिक बर्ष २०७९र०८० को

# नीति,कार्यक्रम तथा बजेट

चँखेली गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय पिप्लाङ्ग,हुम्ला
कर्णाली प्रदेश, नेपाल

२०७९

गाँउसभाको बैठक

मिति २०७९ साल असार १० गते शुक्रबार

प्रस्तुतकर्ता गाँउपालिकाका उपाध्यक्ष श्री प्रेमकला शाही ज्यू

# आर्थिक बर्ष २०७९ र ०८० को बजेट बक्तव्य

चँखेली गाँउपालिका

पिप्लाङ्ग हुम्ला

२०७९

सम्मानित अध्यक्ष ज्यू ,

गाँउसभाका सदस्य ज्यूहरु,

उपस्थित महानुभावहरु,

चंखेलीबासी दाजुभाइ तथा दिदिबहिनीहरु

**"चंखेली दिगो बिकासको मुल आधार : शुसाशन, समृद्धि, पर्यटन र पूर्वाधार "** मुल नाराका साथ यस चँखेली गाँउपालिकाको गरिमामय गाउँसभामा छैटौं पटक नीति तथा कार्यक्रम सहितको बजेट बक्तव्य गर्न पाउँदा आफुलाई भाग्यमानी महसु गरेको छु । यस अवसरमा स्थानिय तहको चुनाव सम्पन्न गराउन भुमिका खेल्नुहुने सम्बन्धित सबै पक्षहरु प्रति हार्दिक आभारव्यक्त गर्दछु ।साथै नेपालको विभिन्न चरणका लोकतान्त्रिक जन आन्दोलन तथा बिभिन्न आन्दोलनमा आफ्नो जिवन अर्पण गर्नुहुने सम्पूर्ण सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

चँखेली गाँउपालिकाले प्रस्तावित निति ,कार्यक्रम तथा बजेट तर्जुमा गर्दा मुलतः नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लिखित स्थानिय तहको एकल तथा साझा अधिकार सुचि ,आर्थिक अधिकार र आर्थिक कार्यप्रणाली, मौलिक हकहरु, आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत संघ प्रदेश र स्थानिय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन , नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु , स्थानिय तहको आबधिक योजनाले तय गरेका प्राथमिकताहरु , नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु , स्थानिय सरकार शासन संचालन ऐन (२०७४) र बिभिन्न नियमावलीका प्रावधानहरु, विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजिक संरक्षण , दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन ,खाद्य तथा पोषण सुरक्षा , लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास ,वालमैत्री स्थानिय शासन, वातावरणमैत्री स्थानिय शासन , खुल्ला दिसामुक्त तथा पुर्ण सरसफाई , उर्जासंकट लगायतका अन्तर सम्बन्धित विषयहरु, स्थानिय तहको मध्यकालिन खर्च संरचना अनुरुप प्राथमिकतामा परेका कार्यक्रमहरु , स्थानिय तहले देखेका विविध विषयहरु, अर्थ मन्त्रालय, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्यबाट प्राप्त मार्गदर्शन , गैर सरकारी कार्यालयहरुको प्राप्त विवरण र बजेट सिलिङ , सहभागितामुलक योजना तर्जुमा अनुरुप बस्ती र टोल स्तरबाट छनौट गरिएका आयोजना र कार्यक्रम, वडा स्तरीय आयोजना र कार्यक्रमहरुको प्राथमिकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार मानी गाँउ कार्यपालिका बाट स्वीकृत गरी सार्वजनिकरणका लागि यो गरिमामय छैटौं गाँउ सभामा आगामी आ।व।२०७९ र ०८० को निति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेको छु ।

प्राकृतिक सौन्दर्यता सास्कृतिक विविधता मेहनती र परिश्रमी जनता र भौगोलिक विशिष्टता र सुन्दरता यस चंखेली गाँउपालिका र समग्र हुम्लाकै सम्पतिको रुपमा रहेको छ ।कृषि तथा औषधिजन्य जडिबुटीहरु पर्यटन जलविद्युत आदि जस्ता विषयमा प्रचुर संभावना बोकेको चँखेली गाँउपालिका दिगो र समुचित परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक सास्कृतिक आर्थिक विकास हुन सकेको छैन ।यद्यपि उपलब्ध स्रोत साधन र समयको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोंच दृढ संकल्प र सामुहिक ईच्छाशक्ति साथ यस चँखेली गाँउपालिकाको नयाँ भविष्य कोर्ने जिम्मेवारी चँखेली गाँउपालिकाका जनताहरुले हाम्रो काँधमा सुम्पिएका छन् ।त्यसैले विकसित र समृद्ध चँखेली गाँउपालिका निर्माण गर्न हामीलाई कुनै वाहानाले छेक्नु हुदैन ।

माननीय सभा अध्यक्ष ज्यू,
सदस्य ज्यूहरु
तथा उपस्थित महानुभावहरु,
बजेट तथा कार्यक्रमको उदेश्य मुख्य मुख्य नीतिहरु अब म संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।
बजेटको प्रमुख उदेश्य
आ.व. २०७९ र ०८० को यस चँखेली गाँउपालिकाको योजनाको प्रमुख उदेश्य आर्थिक सामाजिक सास्कृतिक रुपान्तरण गर्दै पूर्वाधारहरुको विकास गरी यस गाँउपालिकालाई स्तरोन्नती गर्न योगदान पुर्याउनु रहेको छ । यसका लागि कृषि, पर्यटन, जडिबुटी र जलश्रोतको समुचित प्रयोग गरी सडक , शिक्षा, स्वास्थ्य,महिला, बालबालिका तथा जेष्ठ नागरिक, वन, वातावरण तथा विपद व्यवस्थापन , न्यायिक सम्बन्धमा र संचारका क्षेत्रमा प्रभावकारी कार्यक्रम बनाई बजेटको सहि परिचालन गरिनेछ ।

**मुख्य नीतिहरु**

- चँखेली गाँउपालिकाको केन्द्र देखि सबै वडाहरुलाई समेट्ने गरि लिङ्करोड निर्माणलाई उच्च प्राथमिकताका साथ अगाडी बढाईने छ ।साथै यस गाँउपालिका तथा समग्र हुम्ला जिल्लाको उत्तर र दक्षिण दुवै भागबाट सडक विस्तार र निर्माण कार्यलाई जोड दिन पहल गरिने छ ।
- स्वच्छ, सफा, धुवाँ, सिसा र पलास्टिक रहित चँखेली गाँउपालिका निर्माण गर्नको लागि खानेपानी सरसफाई र फोहरमैला व्यवस्थापनमा विशेष जोड दिइनेछ ।सुन्दर र समृद्ध गाँउपालिकाको रुपमा विकास गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- पर्यटन उद्योगको उच्च संभावना भएको हुँदा पर्यटन पूर्वाधार विकासमा प्राथमिकता दिइनेछ ।
- दिगो अर्थतन्त्रका लागि कृषि सुधार कार्यक्रमहरु संचालन गरी एक वडा एक उत्पादन नीतिलाई अनुसरण गरिनेछ ।पशुपालन र जडिबुटीजन्य उत्पादनका लागि प्राथमिकतामा राखिनेछ ।साथै जडिवुटी संकलनका लागि न्यायिक नियमन गरिनेछ ।
- चँखेली गाँउपालिका भित्र ठुला मझौला तथा लघु जलविद्युत आयोजना तथा लिकं रोडहरुको संभाव्यता गराई संघिय सरकार प्रान्त सरकार तथा अन्य विकास साझेदारहरुसंग निर्माणका लागि अनुरोध गरिनेछ ।
- समता समानता र सशक्तिकरणको नितिलाई अबलम्बन गर्दै बालमैत्री अपाङ्गमैत्री लैङगिक मैत्री तथा छुवाछुतमुक्त गाँउपालिका निर्माणका लागि पूर्वाधार विकास तथा विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- आधुनिक संचार प्रविधिको विकास र विस्तारमा जोड दिइ प्रविधिमैत्री सेवा प्रवाह गरिनेछ ।
- गाँउपालिकामा हुन सक्ने भोकमरी तथा खाद्य संकटलाई मध्यनजर गर्दै तात्कालिन तथा दिर्घकालिन राहत तथा खाद्य सुरक्षाका लागि नेपाल सरकार र दातृ निकायहरुसग अनुरोध गरिनेछ ।

सभाध्यक्ष ज्यू,

सभा सदस्य ज्यूहरु

अव म चंखेली गाउँपालिकाको आ.व. ०७९।०८० को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्दछु ।

**क्षेत्रगत निति तथा कार्यक्रम**

**१. आर्थिक विकाससमिति :**

- एक गाँउ एक कृषि प्राविधिक कार्यक्रम अन्तर्गत चंखेलीगा.पा. मा कार्यरत २ जना कृषिप्राविधिक र २ जनापशु सेवा प्राविधिक कर्मचारीको तलब भत्ता ५ महिनाको मात्रहालेको हुदा बाँकी ७ महिनाको तलब भत्ता र स्थानियभत्ता, महंगि भत्ताको व्यवस्था गरिने छ ।
- स्याउप्रशोधन केन्द्रलाई र ग्राफ्टिङ्ग ओखर विरुवाबितरण कार्यक्रमलाइ बिशेश प्रथामिकतामा राखिने छ ।
- भुगोल, माटो जलवायु तथा वातावरण अनुकुल हुने कृषिजन्य उत्पादनहरु (आलु , धान, मकै, गँहु तरकारी तथा फलफुल आदि ) तथा पशुजन्य उत्पादनहरु ( दुध , मासु अण्डा, घिउ, माछा आदि ) तथा जडिबुटी खेतीको क्षेत्र पहिचान गरी प्रोत्साहनकाकार्यक्रमहरु ल्याइनेछ ।
- रैथाने (लोपउन्मुखबाली) चिनो, फापर, कागुनो, मार्से, आदिलाइ बिशेष प्रथामिकता दिइनेछ ।
- उत्पादनको बजार ब्यवस्थापनको लागी कृषि उपज संबलन केन्द्र निर्माण , संकलन तथा विक्रि समुह गठन मा प्रोत्साहन गरिने छ । कृषि तथा पशु व्यवसायमा परम्परागत अनुदानलाइ निरुत्साहित गरि उत्पादनमा आधारित अनुदानको व्यवस्थापन मिलाइनेछ ।
- औधोगिक तथा नगदे बालि र पुष्प खेतिलाई विशेष प्रथामिकता दिईने छ ।
- सामुहिक खेतितथा सहकारि खेति प्रणालिलाई प्रोत्साहान गरिने छ, ,
- खेतियोग्य जमिनमा साना सिंचाईको व्यवस्थागर्न कार्यक्रम संचालन गरिने छ ।
- सबै वडाहरुमा क्रमश : कृषि सेवा केन्द्रको स्थापनागरि सम्पुर्ण कृषकहरुको लागि कृषि प्राविधिकको पहुचलाई शुनिश्चिता प्रदानगरिने छ ।
- कृषकहरुलाई बालिनालिको लागि ऋृण उपलब्ध गराउन र बिमा गर्न वित्तिय संस्थाहरुसंग समवन्य गरि सहजिकरण गरिने छ ।
- कृषकहरुको तथ्याङक संकलन गरि परिचयपत्र वितरण कार्यक्रमलाई अघि बढाईने छ ।
- कृषि उत्पादनमा बढवा दिन बार्षिक रुपमा कृषि मेला प्रर्दशनी कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- महिला तथा दलित कृषक समुहलाई बिषेश प्रथामिकता दिईने छ साथै उत्कृट कृषकहरुलाइ पुरस्कृत तथा भ्रमण को ब्यवस्था गरिने छ ।
- कृषि सडक तथा माटो परिक्षण कार्यक्रमलाई प्रथामिकता दिईने छ ।

- महामारी रोगको लागी भ्यक्सीनेसनको ब्यवस्था गरिने छ ।

जस्तै :

- **F.M.D.** (७६००) वटा गाइ भैसीको लागी)
- रेबिज, (३५०) वटा कुकुरको लागी)
- पि.पि.आर, आइवरमेटीक ( १८०००) भेडा बाखाको लागी)
- कुखुराको भ्याक्सीन (३२००) वटा कुखुराको लागी)

- गा.पा. भरी बाह्य तथा आन्तरीक परजिबि बिरुद्ध खोप लगाइने छ ।
- बाँझोपन निवारण शिविरको ब्यवस्था गरीने छ ।
- पशु प्रदर्शनी मेला कार्यक्रम संचालन गरिने छ साथै ब्यवसायीक रुपमा पशुपालन गर्ने कृषकहरुलाइ प्रोत्साहन स्वरुप पुरस्कार को ब्यवस्था गरिने छ ।
- चरन खर्कको लागी बाटो,पानीको ब्यवस्थापन गरिने छ ।
- मासु दुध अण्डा उत्पादनको लागीउन्नत जातका साँढे,बोका,राँगो, थुम्मा ,कुखुरा ल्याइने छ ।
- स्वच्छ र ताजामासुको लागी ३ वटा फ्रेस हाउसको ब्यवस्था गरीने छ ।
  - देउली
  - पिप्लाङ्ग
  - मेल्छाम
- प्राबिधिक हरुलाइ ल्याब तालिमको ब्यवस्थापन गरिने छ ।
- माछापालनको लागी ब्यवसाय गर्न चाहने कृषकको लागी कार्यक्रम ल्याइनेछ ।
- कृषकलाइ जनचेतनामुलक तालीम दिइने छ साथै ६ वटै वडामा शिविरको ब्यवस्था गरीनेछ ।
- अनुगमन मुल्यांकन तथा दैनिक भम्रण खर्चको ब्यवस्थागरिने छ ।

## २.सामाजिक विकास समितिको निति तथा कार्यक्रम :

- "प्रविधीयुक्त सुरक्षित तथा सम्पन्न विद्यालय हाम्रो इच्छा , श्रम सिप र रोजगार मुखी गुणस्तरीय शिक्षा ।" भन्ने नारालाई साकार पार्दै प्रत्येक विद्यालयमा आवश्यक डेस्क बेन्ज र फर्निचरको व्यवस्था गरी सुरक्षित तथा सम्पन्न विद्यालय बनाउने निती लिईनेछ ।
- शिक्षक दरबन्दि नभएका र विद्यार्थी सख्या बढी भएका विद्यालयहरुलाई शिक्षक अनुदानको व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- कुनै पनि विद्यार्थीलाई पाठ्यपुस्तकबाट वञ्चित नगराई समयमा नै प्रत्येक विद्यार्थीको हात हातमा पाठ्यपुस्तक पुन्याउनुको साथै अन्य पाठ्यक्रम , शिक्षक निर्देशिका तथा सृजर्नात्मक र रचनात्मक पाठ्यपुस्तकको व्यवस्था गर्ने निती लिइनेछ ।
- प्रत्येक विद्यालयहरुमा इन्टरनेट जडान गरी शिक्षण सिकाईमा प्रविधिको प्रयोगलाई वढवा दिने कार्यलाई प्रोत्साहन गर्दै प्रत्येक विद्यालयमा एक डेस्कटप वा ल्यापटपको व्यवस्था गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।
- एक विद्यालय एक पुस्तकालय साथै ई – पुस्तकालयलाई समेत प्रत्येक विद्यालयमा विस्तार गरी शिक्षण सिकाईलाई प्रविधी मैत्री बनाउने निती लिईनेछ ।
- महिनावारीका कारण पढाई छोडनुपर्ने अवस्थालाई अत्य गर्नका लागी प्रत्येक विद्यालयमा सेनेटरी प्याडहरु उपलब्ध गराईनेछ ।

- गाउँपालिका भित्रका विद्यालयहरुका प्र.अ, शिक्षक, वि.व्य.स अध्यक्षलाई क्षमता विकास तालिमको व्यवस्था गरी शिक्षक कर्मचारीको क्षमता विकास गर्ने निती लिइनेछ ।
- विद्यालय बाहिर रहेका विद्यालय उमेर समुहका सबै बालबालिकाहरुलाई विद्यलयको पहुँच भित्र ल्याउन लागि विभिन्न कार्यक्रमहरु सञ्चाल गरिने छ ।
- गाउँपालिका भित्रको वास्तविक बस्तु स्थिती धार्मिक, सास्कृतिक तथा ऐतिहासिक विषय बस्तुलाई समेटी स्थानिय पाठ्यक्रम निमार्ण गरी क्रमसः कक्षा १ देखि ५ सम्म पुन्याईनेछ ।
- प्रत्येक विद्यार्थीहरुमा भएको अन्ततनिहित प्रतिभाहरुलाई प्रस्फोटनका लागि विद्यालय , वडा र गाउँपालिका स्तरमा विभिन्न कार्यक्रमहरु सञ्चालन गनुका साथै अध्यक्ष कप खुलकुदलाई निरन्तरता दिइनेछ ।
- हाम्रो शिक्षाको भावी रणनिती तथा कार्यनिती कस्तो हुने भन्ने विषयमा व्यापक छलफल गरी शिक्षाको ५ वर्षे रणनिती योजना निमार्ण गरी शिक्षा व्यवस्थित र योजनावद्ध बनाउने निती लिईनेछ ।
- गरिब, दलित, जनजाती र लोपउन्मुख समुदायका वालवालिकाहरुलाई उच्च शिक्षामा छात्रवृद्धिको व्यवस्था गरिने निती लिईनेछ ।
- विद्यार्थीहरुको मनोबल बृद्धि गर्न विद्यार्थीसगँ अध्यक्ष तथा उपाध्यक्ष संवाद तथा मोटीभेस्नल कार्यक्रम सन्चालन गर्ने निती लिइनेछ ।
- समायोजन हुने विद्यालयहरुलाई तथा अंग्रजी माध्यमबाट सन्चालन भएका विदद्यालयलाई विषेस व्यवस्था गरी प्रोत्साहन दिने निती लिईनेछ ।
- एकल तथा दलित महिलाको हित प्रवद्र्धन गर्ने , सीप विकास र आय आर्जनका कार्यक्रम संन्चालन गर्न प्राथमिकता दिईनेछ। महिला बालबालिका तथा अन्य लक्षित वर्गलाई प्रत्यक्ष फाईदा पुग्ने खालका कार्यक्रमलाई प्राथमिकतामा राखी कार्यन्वयन गरी सामाजिक कुरीतीको रुपमा रहेको बालविवाह बहुविवाह रुढीबादी अन्धविश्वास एवं भ्रमहरु हटाउन सामाजिक परीचालनमार्फत सचेतीकरण कार्यक्रम सन्चालन गरीनेछ
- कोरोना भाइरसका कारण आफ्नो पेशा व्यवसाय गुमाएका युवालाई स्वरोजगारमूलक तालिम दिई आर्यआर्जमा वृद्धि गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- सम्पूण विद्यालयहरुको समग्र व्यवस्थाकिय शैक्षिक तथा प्रशासनिक पक्षहरुको नियमित रुपमा अनुगमनका लागी गाउँ शिक्षा समिति, वडा शिक्षा समिति तथा जनप्रतिनिधीहरुलाई सक्रिय बनाइ नियमित अनुगमनक गर्ने व्यवस्था गरीनेछ ।
- चंखेली गाउँपालिकाको परिक्षा प्रणालीमा एकरुपता ल्याउनका लागि गाउँपालिका स्तरीय वार्षिक परीक्षा सञ्चालन कार्यविधी बनाई त्यसैका आधारमा परीक्षा सञ्चालन तथा व्यवस्थापन गरिने छ ।
- गा.पा. भित्र सन्चालनमा रहेको प्राविधिक शिक्षालयलाई व्यवस्थि गर्दै त्यसबाट उत्पादन हुने जनशक्तिलाई रोजगारी सृजना हुने कार्यक्रम सन्चालन गर्ने नितिलाई प्राथमिकतम दिईनेछ ।
- नेपाल सरकारबाट संचालित दिवा खाजा कार्यक्रमलाई समय समयमा गाउँपालिका र वडा कार्यालयबाट अनुगमन गरी दिवा खाजा कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गर्न तथा सहजीकरण गर्ने नीति लिइने छ ।
- “म, मेरो स्वास्थ्य र मेरो जिम्मेवारी” भन्ने नारालाई अंगीकार गर्दै यस गाँउपालिकाका सबै वडामा स्वास्थ्य विमा गर्न जनतालाइ प्रोत्साहित गरिनेछ ।

- गर्भवती र सुत्केरी महिलाहरुलाई आपतकालिन अवस्थमा अस्पतालसम्म पुगाउनको लागि निशुल्क एम्बुलेन्स सेवा संचालन गर्ने तथा यसको लागि छुट्टै मातृशिशु सुरक्षा कोषको स्थापना गर्ने गरि उपाध्यक्ष महिला उद्धार कार्यक्रम लागु गरिनेछ ।
- यस गाउँपालिकाका सम्पूर्ण बासिन्दालाई गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी बनाउदै अन्य महामारीहरुबाट बच्च बचाउन स्वस्थ्य सुरक्षाका उपायहरु अपनाउदै स्वास्थ्य संस्थालाइ स्रोत साधन सम्पन्न बनाइनेछ ।
- अति गरीव बिपन्न ,अपाङ्ग लगायत आर्थिक सामाजीक रुपले पछि परेका दिर्ग रोगी लाई औषधि उपचार अनुदान दिने निति लाई निरन्तरता दिईने छ ।
- संघ र प्रदेश सरकार वाट प्राप्त शर्शत वजेट अन्तर्गत वहुक्षेत्रिय पोषण कार्यक्रम लाई प्रभावकारी कार्यन्वयन गरीने छ ।
- गुणस्तरीय खोपको प्रर्वद्धनको लागि कोल्डचेन कायम राख्न गाउँपालिका तहको कोल्ड चेन गुणस्तर सुनिश्चित गर्न आवश्यक प्रक्रिया अगाडि बढाइने छ ।
- परिवारस्वास्थ्य लगायत यौन तथा प्रजनन् स्वास्थ्यलाई एकीकृत सेवाको रूपमा कार्यान्वयन गरिनेछ । युवा तथा किशोरकिशोरीमैत्री स्वास्थ्य सेवाको अवधारणालाई सम्पूर्ण स्वास्थ्य सेवाप्रदायक संस्थाहरूमा समावेश गरी विद्यालय स्वास्थ्य कार्यक्रमसंग समायोजन गराइनेछ ।
- विद्यालयमा प्राथमिक स्वस्थ्य सेवा विस्तार गरिनुका साथै कुनै पनि नागरिक बञ्चित नहुने गरी आकस्मिक स्वास्थ्य सेवा समुदायसम्म उपलब्ध गराउने छ ।
- समता र सामाजिक न्यायद्धारा निर्देशित स्वास्थ्य वित्तिय व्यवस्थापनमार्फत आधारभूत स्वास्थ्य सेवा निस्शुल्क प्रदान गर्ने र स्वास्थ्य विमा मार्फत विशेषज्ञ सेवा उपलब्ध गराउने कार्यविच समन्वय गर्न तथा नागरिकको वित्तिय जोखिम न्यूनिकरण गर्नको लागी वित्तिय व्यवस्थाको पुनरावलोकन गरी स्वास्थ्य बजेटमा बृद्धि गर्ने र बजेट निकासा , खपत र खरिद प्रक्रियालाई सरलीकरण गर्दै संविधानप्रदत्त सबै स्वास्थ्य अधिकारहरुको प्रत्याभूति गर्न स्वास्थ्य सेवालाई सुदृढ बनाइनेछ ।
- उत्कृष्ट कार्यक्षमता भएका स्वस्थ्य संस्था तथा स्वास्थ्य सेवा प्रदायकलाई प्रोत्साहन गरिनेछ ।
- विभिन्न महामारी जन्य सर्ने तथा नसर्ने रोगहरु सम्बन्धि रोकथाम नियन्त्रण उपचार र जनचेतनामूलक कार्यक्रममा जोड दिइने छ ।
- विपद् तथा दुर्घटनाबाट हुने चोटपटकका कारण अपांगता र मृत्यूमा भैरहेको तीव्र वृद्धिलाई सम्बोधन गर्न रोकथाम शिघ्र उपचार र दोहोरो प्रेषक प्रणालीलाई प्रभावकारी बनाइनुका साथै गाउँपालिका क्षेत्रमा एम्बुलेन्स सेवालाई थप ब्यवस्थित गरिने छ ।
- मानसिक स्वास्थ्यसंग सम्बन्धित समस्याप्रति आवश्यक जनचेतनाको अभिबृद्धि गर्न , त्यसको रोकथाम, उपचार र नियन्त्रण गर्न प्राथमिक स्वास्थ्य सेवाको तह देखिनै व्यवस्थापन गरी प्रेषण अस्पतालसम्म पहुच सुनिश्चित गरिनेछ
- स्वास्थयकर्मी र सेवाग्राहीविच पेशागत सुमधुर संबन्धको सुनिश्चितता गर्न संवन्धित निकायहरुसंग समन्वय गरि स्वास्थ्यकर्मिहरुको क्षमता अभिवृद्धी गरी सुरक्षाको प्रत्याभुति गर्नुको साथै आमजन समुदायको स्वास्थ्य सुरक्षा र विरामीहरु प्रति स्वास्थ्य कर्मिहरुले निर्वाह गर्नुपर्ने पेशाधर्मिता (आचारसंहिता)को पालनालाई सुनिश्चित गरिनेछ ।

- सवै स्वास्थ्य संस्थाहरुलाइ आधुनिक प्रविधीमैत्री बनाए त्यहाबाट हुने सम्पूर्ण कार्यलाइ सहजता हुने निती लिइने छ ।
- ग्रामिण अल्ट्रासाउण्डको व्यबस्था गरि गर्भवति महिलाहरुलाई समयमा नै चेकजाँच गर्न पाउने व्यवस्था सुनिश्चत गरिनेछ ।
- चंखेली गाउँपालिका वडा नं. ४ पिप्लाङ्गमा गाउँपालिका स्तरीय १५ शैयाको अस्पताल निमार्ण कार्य शुरु गरिनेछ तथा सबै स्वास्थ्य संस्थाहरुमा भैतिक पूवाधारको व्यवस्था गरीने छ ।
- वेरोजगार युवा जनशक्तिलाई सिपमुलक स्व : रोजगार वनाउन स्वरोजगार तालिम प्रद्धान गरि युवा आत्मनिर्भर बनाउन वैंक , निजिक्षेत्र लगाएत सहयोगी संस्था संग सहकार्य गरी स्वरोजगार कार्यक्रम संचालनमा जोड दिइने छ ।
- अध्यक्ष तथा उपाध्यक्षसँग सवै लक्षित वर्ग कार्यक्रम को रुपमा तय गरी प्रभावकारी कार्यन्वयन गरीने छ ।
- दिर्घकालिन क्रमागत कार्यक्रमको रुपमा उपाध्यक्ष संग महिला वालवालिका कार्यक्रम अन्र्तगत महिला अधिकारमा आधारित विकास पद्धतिलाई आत्मसात गर्दै ६ वटै वडाका महिला तथा वालवालिकाहरुलाई नेतृत्व एवं क्षमता विकास तथा आर्थिक विकासका लागि सिपमूलक तालिम दिईनेछ ।
- न्यायिक समितिको लागी कानुनी सल्लाहाकारको ( विशेषज्ञ) ब्यबस्थापन गरी यसै आ.ब. बाट कार्यान्वियन गरिनेछ ।
- गाउँपालिका केन्द्रवाट महिलालाई कानुनी सचेतना , संविधान, मेलमिलाप लगाएतका विषयमा तालिम प्रदान गरिने छ ।
- १६ दिने महिला हिंसा दिवस , नारी दिवस, नेपाली संस्कृति जोगाउन स्थानिय पर्व जस्ता कार्यक्रम संचालन गरि महिला शशक्तिकरणमा जोड दिईने छ ।
- न्यायिक समितिलाई सकृय गराई महिला प्रति हुने सवै प्रकारको घरेलु हिंसा तथा विभेदमा छिटो न्याय दिने कुरालाई प्राथमिकता दिईने छ ।
- आपतकालिन वाल तथा महिला संरक्षणको लागि गाउँपालिका स्तरमा आपत विपतमा परेका महिला तथा वालबालिकाहरुको उद्धार गर्ने निति लिईनेछ । कोष स्थापना गरि सोहि मार्फत रकम विनियोजन गरी परिचालन गरिने छ ।
- अपाङ्गता भएका ब्यक्तिहरुको सामाजिक समावेशीकरण एवं सेवा प्रासीमा सहज पहुँचका लागि गाउँपालिका कार्यालय, वडा कार्यालय , सवै स्थानिय स्तरका विषयगत सरकारी कार्यालयहरु तथा सार्वजानिक शौचालयहरुलाई क्रमश अपाङ्गमैत्री बनाउँदै लगिनेछ । साथै अपाङ्ग तथा जेष्ठ नागरिकहरुलाई आवश्यकताका आधारमा परिचयपत्र वितरण गर्ने व्यवस्था मिलाईनेछ ।
- जनजाति, दलित, द्धन्द पिडित, शहिद परिवार, आर्थिक सामाजिक रुपले पछाडीपरेको वर्ग तथा समुदायको हितको लागि कार्यालय मार्फत लक्षित कार्यक्रम लगाएत सिपमुलक र रोजगारी मुलक कार्यक्रम तर्जुमामा जोड दिईने छ ।
- यस गाउँपालिकामा लागू भएका सम्पूर्ण सरकारी तथा गैर सरकारी संघ संस्थाहरुबाट प्रदान गरिने सेवाहरुलाई एकद्धार प्रणालीबाट सेवा प्रदान गरिने व्यवस्थालाई निरन्तरता दिनुका साथै उक्त सेवाहरुलाई नागरिकहरुको आवश्यकता अनुरुप भए नभएको आवश्यक मूल्याङ्कन तथा अनुगमन गरी नागरिकहरुलाई छिटो छरितो सेवाको उपभोग गर्ने व्यवस्था मिलाईने छ । साथै राष्ट्रिय, अन्तराष्ट्रिय गै.स.स संगको सहकार्यलाई उच्च प्राथमिकता दिई NGO Desk स्थापना गरी सवै कार्यक्रमलाई गाउँपालिका मातहत ल्याईने छ ।

**श्रम तथा रोजगार सम्बन्धी निति**

- नेपालको संविधानको धारा ३३ (रोजगारको हक )र रोजगारीको हक सम्वन्धी ऐन, २०७५ कार्यान्वयनमा ल्याई यस चंखेली गाँउपालिकामा बसोबास गर्ने नागरिकको लागि रोजगारीको प्रत्याभूति मार्फत जिवनस्तरमा सुधारल्याइने छ ।
- गत आ.व र चालु आ .बको अनुभवका आधारमा आगामी आ .व २०७९।०८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा रोजगारीका लागी रुपान्तरण पहल आयोजना र मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत यस गा.पा भित्रका सूचिकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीमा संलग्न गराईनेछ।

**सस्कृति प्रवर्द्धन**

- भाषा साहित्य कला र सस्कृति संरक्षण र सम्बर्द्धनमा विशेष ध्यान दिइनेछ ।यससँग सम्बन्धित विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।साथै गाँउपालिकामा रहेका गुम्बा मठ मन्दिरहरुको पहिचान संरक्षण एंव सम्बर्द्धनका लागि जोड दिइनेछ ।
- यस चंखेली गाउपालिका भित्र रहेको मठमन्दिर तथा सांस्कृतिक सम्पदाको गुरुयोजना तयार पार्ने कार्य यसै आ.व. बाट सुरु गरिनेछ ।

## ३. पूर्वाधार विकास

**सडक तथा पुल**

- चँखेली गाँउपालिकाको केन्द्रदेखि सबै वडाहरुसम्म मोटरबाटो निर्माणलाई उच्च प्राथमिकताका साथ अगाडी बढाइने छ ।साथै यस गाँउपालिका अन्तर्गत पर्ने लोतीखोला मोटरेबल पुल निर्माण कार्य यसै आ.ब.मा सम्पन्न गरिनेछ ।
- चंखेली गाउँपालिका केन्द्र बाट माछापानि हुँदै मेखाला बस्ती जोड्ने सडक निर्माणका लागी सरोकार वाला निकायसंग पहल गरिनेछ ।
- गोडेटो र घोडेटो बाटो निर्माण विस्तार तथा सुधारमा ध्यान दिइनेछ ।

**सिचाई**

- परम्परागत तथा आधुनिक सिंचाई योजनाहरुलाई विशेष प्राथमिकतामा राखिनेछ र गाँउपालिका भित्रका सबै कृषि जमिनहरुमा सिंचाई हुने व्यवस्थाका लागि पहल गरिनेछ ।

**उद्योग तथा वाणिज्य**

- स्थानिय जडिबुटी तथा कृषि उत्पादनमा आधारित साना तथा घरेलु उद्योगहरुको विकासलाई प्राथमिकता दिइनेछ ।
- स्थानिय उत्पादनमा आधारित सामानहरुको बजार सुनिश्चित गर्न पहल गरिनेछ ।साथै स्थानिय उत्पादन प्रयोगमा जोड दिइनेछ ।

**पर्यटन**

- गाँउपालिकाका सम्भाव्य पर्यटकिय स्थलहरुको पहिचान तथा विकास गरी आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गरिनेछ ।
- चंखेली गाउपालिका अन्तरगत पर्ने पर्यटकिय क्षेत्रको पहिचान गरि प्रचार प्रसारमा जोड दिइनेछ ।
- यस गाउँपालिकामा हवाई मैदानको लागि संघिय सरकार सँग विशेष पहल लिईने छ।

**भवन तथा सहरी विकास**

- यस गाउपालिका बिभिन्न ठाउँहरुमा बस्ती विकास, शहरी योजना मार्ग दर्शन तयारीको सुरुवात गरिनेछ ।
- वडा कार्यालयहरु स्वास्थ्य चौकीहरु विद्यालयहरुका भवन निर्माण गराउन आवश्यकता अनुसार उच्च प्राथमिकता दिइनेछ ।
- संभाव्य स्थानमा एकिकृत बस्ती विकासको कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।

**उर्जा लघु तथा साना जलविद्युत वैकल्पिक उर्जा समेत**

- गाँउपालिकाभित्र वैकल्पिक उर्जा प्रयोगमा जोड दिइनेछ ।
- लघु जलविद्युत योजनाहरुको लागि विभिन्न सरोकारवालाहरुसँग साझेदारीमा जोड दिइनेछ ।साथै ठुला तथा मझौला जलविद्युत आयोजनाहरु निर्माणका लागि पहल गरिनेछ ।
- घट्टेखोला लघुजलविद्युत आयोजनालाई यसै आ.व.मा निर्माण सम्पन्न गरि संचालनमा ल्याईनेछ ।

**४. वन तथा वातावरण**

- यस गाउँपालिका भित्र रहेका सरकारी एवं सामूदायिक वनहरुको संरक्षण, प्रवद्र्धन र उपभोगलाई व्यवस्थित गरिनेछ ।
- सार्वजनिक बनजंगल तथा सार्वजनिक स्थलमा अतिक्रमण गरेमा तत्काल यस्ता कामलाई रोक्न पहल गरिनेछ ।
- जडिबुटिलाई संरक्षण संकलन र प्रशोधन केन्द्र निर्माण गर्न आवश्यक पहल  गरिने छ ।
- वन संरक्षणको लागि वन काट्ने उपकरणलई आवश्यक दायरामा ल्याई संचालन गराउन दिईने छ ।
- नेपाल सरकारको वृक्षारोपण कार्यक्रम अनुरुप पालिकाको प्रत्येक वडामा बाढि पहिरो प्रभावित क्षेत्र पहिचान गरि उक्त क्षेत्रमा वृक्षारोपण गरिने छ ।

**पर्यटन**

- यस चंखेली गाउँपालिका भित्र रहेका धार्मिक, साँस्कृतिक, प्राकृतिक तथा भौतिक स्थलहरुको पहिचान र प्रचारप्रसारहरुको लागी सरोकारवाला संग समन्वय गरिनेछ ।
- यसै आ.व.भित्र वृहत पर्यटन गुरुयोजना तयार गरिनेछ ।

**विपद व्यवस्थापन**

- विपदबाट प्रभावतिहुन सक्ने क्षेत्रहरुको पहिचान गरि विपत प्रतिकार्य को लागी आवश्यक व्यवस्था मिलाईने छ ।

- गाँउपालिकामा एक प्रकोप व्यवस्थापन कोष निर्माण गरिनेछ । साथै विपद व्यवस्थापन सम्बन्धि विभिन्न निकायहरुसँग उचित समन्वय गरिनेछ ।

**५. संस्थागत विकास तथा सेवा प्रवाह**

**मानव संसाधन तथा संस्थागत क्षमता विकास**

- गाँउपालिकाको समग्र विकासका लागि विभिन्न तालिम गोष्ठी भ्रमण अध्ययन अनुसन्धान जस्ता कार्यहरुमा जोड दिइनेछ ।
- स्थानिय सीप श्रोत साधन र क्षमताको अधिकतमा उपयोग गर्न विभिन्न सरोकारवाला संघ संस्थाहरुसंग साझेदारीमा विशेष जोड दिइनेछ ।

**संस्थागत पूर्वाधार नागरिक वडापत्र**

- गाँउपालिकाभित्र अपाङ्ग असहाय वालमैत्री र लैङ्गिकमैत्री पूर्वाधारहरुको निर्माण तथा मर्मत सुधार गरिनेछ ।साथै तिनिहरुको लागि सेवाप्रवाहमा विशेष सहुलियत दिइनेछ ।
- गुनासो तथा उजुरी पेटीकाको व्यवस्था गरिने छ ।

**सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधीको प्रयोग**

- सेवा प्रवाहका सम्पूर्ण कार्यहरु कम्प्यूटर र इन्टरनेट प्रणाली मार्फत गरिनेछ ।
- सेवा प्रदायक र सेवाग्राहीहरु प्रविधिमैत्री बनाउन विभिन्न तालिम तथा संचारका कार्यक्रमहरु संचालन गरिनेछ ।
- यसै आ.ब. बाट यस गाउँपालिकामा बिद्युतिय हाजिरीको ब्यबस्था गरिनेछ ।

**सामाजिक सुरक्षा :**

- बिगत बर्षहरुमा नेपाल सरकार गृह मन्त्रालयबाट तलब, भत्ता, सुबिधा पाउँदै आएका MIS अपरेटर र फिल्ड सहायकहरुलाई बिभागको परिपत्र अनुसार ६ महिना बराबरको सेवा सुबिधा गाउँपालिकाद्वारा सुनिश्चितता गरिनेछ ।
- घटना दर्ता प्रणालीलाई अनलाईनमा लैजानको लागी प्रत्येक वडा कार्यलयको ईन्टरनेट क्षमता लाई बृद्धी गर्दै वडाका सहायक कम्प्युटर अपरेटर र सहायक कर्मचारीलाई अनलाईन प्रणाली सम्बन्धी को तालिमको लागी गाउँपालिकाबाट उचित बजेटको ब्यबस्था गरिनेछ ।
- अति असक्त असाहाय र जेष्ठ नागरिकलाई घरदैलोमा नै सामाजिक सुरक्षा भत्ता बितरण गर्नको लागी घुम्ती सेवा सञ्चालन को ब्यबस्था गरिनेछ ।
- राष्ट्रिय परिचय पत्र तथा ब्यक्तिगत घटाना दर्ता प्रणाली सुदृढिकरणका लागी दर्ता शिबिरको ब्यबस्था गरिनेछ ।

**वित्तिय व्यवस्थापन र सुशासन्‌राजस्व परिचालन वित्तिय अनुशासन र वित्तिय जोखिम न्युनिकरण**

- संचित कोषबाट हुने तलबभत्ता लगायत सबै सरकारी भुक्तानी सम्बन्धीत व्यक्ती तथा संस्थाको बैङ्क खाता मार्फत मात्रै गरिनेछ ।
- आर्थिक मितव्ययीतालाई जोड दिंदै सुशासन अभिवृद्धिमा जोड दिइनेछ ।
- विभिन्न करका क्षेत्रहरु पहिचान गरी नियमानुसार राजस्व संकलन गरिनेछ ।

**लेखाङ्कन आन्तरिक लेखापरिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली सार्वजनिक सुनुवाई सामाजिक परिक्षण अन्तिम लेखा परिक्षण तथा वेरुजु फर्छ्यौट**

- गाँउपालिकाको आर्थिक कारोबारहरुको प्रचलित कानुन अनुसार चुस्त दुरुस्त लेखाङ्कन गरिने छ।र नियमानुसार आ.ले.प. र म.ले.प. गरी वार्षिक क्रियाकलापहरु तथा आय व्यायको विवरण आर्थिक मसान्त सकिदा वित्तिकै यथासिघ्र सार्वजनिक सुनुवाई गरिने व्यवस्था मिलाईने छ ।
- बेरुजु र बेरुजु फर्छ्यौटको विषयमा अति सम्बेदनशिलता अपनाइने छ ।

सभा अध्यक्ष ज्यू, तथा सदस्य ज्यूहरु,

अब म आ.व. २०७९ र ०८० को प्रस्तावित बजेट अनुमान प्रस्तुत गर्ने अनुमती चाहान्छु ।
आ.व. २०७९ र ०८० को लागि चँखेली गाँउपालिकाको कुल प्रस्तावित बजेट रु ३१,२८,११,०००। रु ३१ करोड २८ लाख ११ हजार रुपैया हुन आएको छ ।

| **श्रोत** | **रकम रु** |
|---|---|
| नेपाल सरकारबाट अनुदान | १९,३४,००,०००। |
| आन्तरिक राजस्व अनुमान | ९,००,०००। |
| प्रदेश सरकारवाट अनुदान | ४,६५,५९०००। |
| राजस्व बाँडफाँड प्राप्ति नेपाल सारकार | ७,१९,५२,०००। |
| जम्मा | ३१,२८,११,०००। |

**आ.व. २०७९ र ०८० व्यय अनुमान** :
यसैगरी आ.व. २०७९ र ०८० का लागी चंखेली गाउँपालिका लागि रु ३१ करोड २८ लाख ११ हजार .रुपैया विनियोजन गरिएको छ । कुल विनियोजन मध्ये चालु तर्फ रु २० करोड ४२ लाख ४० हजार मात्र र पुजिगत तर्फ रु १० करोड ४५ लाख ७१ हजार विनियोजन गरेको छु, ।

उल्लिखित खर्चलाइ कार्यक्षेत्रगत रुपमा तपसिल बमोजिम वर्गिकरण गरेको छु,
०१) सामाजिक विकास २ करोड २७ लाख ६३ हजार मात्र
०२) आर्थिक विकास ३० लाख मात्र
०३) पुर्वाधार विकास १० करोड २० लाख ०८ हजार मात्र
०४) संस्थागत विकास, सेवा प्रवाह र सुशासन **१८ करोड २५ लाख ४० हजार मात्र**
०५) वातावरण तथा विपद २५ लाख मात्र ।

अन्त्यमा यस बजेट तर्जुमामा सहयोग गर्नुहुने अध्यक्षज्यू , वडाध्यक्ष ज्यूहरु लगायत वडासमितीहरु , राजस्व र बजेट सम्बन्धीका विभिन्न समितीहरु, वुद्धिजिविज्यूहरु, विभिन्न राजनैतिक दलका साथीहरु, नागरिक समाज, पत्रकार, प्रमुख

प्रशासकिय अधिकृत लगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, सम्पूर्ण चँखेली गाँउपालिका वासी जनता र देश विदेशमा रहनुहुने दाजुभाईहरु तथा दिदिबैनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस चँखेली गाँउपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउनुहुने चँखेली गाँउपालिकाका नागरिक कर प्रदायकहरु चँखेली गाँउपालिकाको हित र समुन्नतीका लागि कार्यरत सबै विकासका साझेदार सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचार माध्यमहरु प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वियनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

समस्याहरु धेरै आउन सक्छन सबै समस्याहरु एकैपटक समाधान गर्नपनि नसकिएला तर बर्तमान बस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतीहरुको समाधान गर्न हामी चँखेली वासी कटिबद्ध , प्रतिवद्ध र एकताबद्ध भयौं भने अवश्य पनि चँखेली गाँउपालिकाको उज्ज्वल भविष्य निर्माण गर्न सकिन्छ । आशावादी बनौं ।

*धन्यवाद ।*

प्रेमकला शाही
उपाध्यक्ष
चंखेली गाउँपालिका